तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या ५/०७७/०७८ (९७) मितिः २०७७।०८।१७ गते

प्रस्तावहरु :

१) कार्यविधिहरु सम्बन्धमा ।

क) "तिलोत्तमा नगरपालिकाको उद्यमशिलता तथा नव प्रवर्तन कोष (संचालन) कार्यविधि,२०७७"

ख) "तिलोत्तमा नगरपालिकाको टोल विकास संस्था सञ्जाल गठन र सन्चालन सम्बन्धी कार्यविधि, २०७७" ।

ग) "तिलोत्तमा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७"

घ) "तिलोत्तमा नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७"

२) निर्णयहरु अनुमोदन सम्बन्धमा ।

क) कोभिड संकट व्यवस्थापन केन्द्र (CCMC) का निर्णयहरु अनुमोदन सम्बन्धमा ।

ख) नगर शिक्षा समितिको निर्णय सम्बन्धमा ।

ग) नगर खेलकुद विकास समितिको निर्णय सम्बन्धमा ।

३) संशोधित लागत अनुमान स्वीकृती सम्बन्धमा ।

४) राजश्व व्यवस्थापन सम्बन्धमा ।

५) राजश्व अनुगमन समिति पुनर्गठन सम्बन्धमा ।

६) वडा नं.-१० को वडा कार्यालय निर्माणार्थ जग्गा व्यवस्थापन सम्बन्धमा ।

७) जनशक्ति व्यवस्थापन सम्बन्धमा।

८) वडा नं.-१६ को योजना सम्बन्धमा।

९) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धमा ।

१०) विविध ।

क) अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।

ख) फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

ग) योजनाहरुको कार्यान्वयन सहजीकरण सम्बन्धमा ।

घ) योजनाको म्याद थप सम्बन्धमा ।

ङ) शोक प्रस्ताव सम्बन्धमा ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-१

विधेयक समितिका संयोजक श्री जगेश्वरदेवी चौधरीज्यूबाट प्रस्तुत देहायका कार्यविधिहरु माथि दफावार छलफल गरी स्वीकृत गरियो ।

१) "तिलोत्तमा नगरपालिकाको उद्यमशिलता तथा नव प्रवर्तन कोष (संचालन) कार्यविधि,२०७७"
२) "तिलोत्तमा नगरपालिकाको टोल विकास संस्था सञ्जाल गठन र सन्चालन सम्बन्धी कार्यविधि, २०७७" ।
३) "तिलोत्तमा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७"
४) "तिलोत्तमा नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७"

निर्णय नं.-२ (क)

मिति २०७७/०८/०४ गते तिलोत्तमा नगरस्तरीय Covid-Crisis Management Centre (CCMC) को बैठकका देहायका निर्णयहरु अनुमोदन गरियो ।

कोभिड १९ महामारीले गर्दा देशभर संञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु विगत लामो समयदेखी बन्द भएको कारण विद्यार्थीहरुको पठनपाठन सुचारु हुन सकेको छैन । यसै अवस्थालाइ मध्यनजर गरि विद्यालयहरुलाई भयरहित एवं सुरक्षित तबरमा संञ्चालनमा ल्याई विद्यार्थीको सिकाईलाई निरन्तरता दिन आवश्यक देखिएकाले मिति २०७७०७२० को नेपाल सरकार माननीय मन्त्रिस्तरीय निर्णयानुसार विद्यालय संञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ स्वीकृत भएको छ । सोही कार्यढाँचा अनुसार विद्यार्थीहरुको पठनपाठनलाई देहायका मापदण्डहरु अवलम्बन गरी मिति २०७७०८।०७ गतेदेखि यस नगरपालिकाभित्रका विद्यालयहरुमा भौतिक रुपमा पठनपाठन सुचारु गर्ने ।

१) विद्यालय संञ्चालन गर्दा नेपाल सरकारले तोकेको जनस्वास्थ्य सुरक्षाका देहायका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने/गराउने ।
   क) विद्यार्थी, शिक्षक, कर्मचारी विद्यालय हाताभित्र प्रवेश गर्दा अनिवार्य रुपमा साबुन पानीले हातधुने व्यवस्था मिलाउनुपर्ने ।
   ख) शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुले अनिवार्यरुपमा मास्क को प्रयोग गर्नुपर्ने ।
   ग) प्रत्येक कक्षाकोठामा सेनीटाइजरको व्यवस्था हुनपर्ने ।
   घ) विद्यालय हाताभित्र प्रवेश गर्दा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको अनिवार्यरुपमा तापक्रम मापन गर्ने व्यवस्था मिलाउने ।
   ङ) पठनपाठन संञ्चालन गर्ने सम्पूर्ण कक्षाकोठाहरुमा क्लोरिन ट्याबलेटले हरेक दिन सिफ्ट वाइज निर्मलीकरण गर्ने/गराउने व्यवस्था मिलाउने ।
   च) कुनैपनि विद्यार्थीलाई कोभिड १९ को लक्षण देखिएमा त्यस्ता बालबालिकाहरुलाई विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम लागु भएका विद्यालयहरुले नर्सको

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सल्लाह अनुसार गर्ने तथा यस्ता कार्यक्रम लागु नभएका विद्यालयहरुले नगरपालिकाको स्वास्थ्य शाखामा समन्वय तथा सर्म्पक गर्ने ।

छ) ४०० भन्दा बढी विद्यार्थी सख्या भएका सामुदायिक तथा संस्थागत विद्यालयहरुले अनिवार्यरुपमा कम्तिमा १ जना विद्यालय नर्सको व्यवस्था गर्ने तथा सोभन्दा कम विद्यार्थी भएका विद्यालयहरुले न्युनतम आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

ज) कक्षाकोठामा पर्याप्त प्रकाश तथा हावा आवातजावतको व्यवस्था मिलाउने ।

झ) नेपाल सरकार माननीय मन्त्रिस्तरीय निर्णयानुसार स्वीकृत विद्यालय संञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ को अनुसूचि १ मा भएको व्यवस्थाअनुसार सुरक्षित विद्यालय रुजुसूची अनुसारका पुरा हुन बाँकी मापदण्डहरु यथाशीघ्र पुरा गर्ने व्यवस्था मिलाउने ।

ञ) कक्षाकोठाभित्र विद्यार्थीहरुको भौतिक दुरी कायम गर्न एक बेन्चमा २ जनामात्र राख्ने व्यवस्था मिलाउने ।

२) अर्को सूचना नभएसम्म मन्टेश्वरी / बालविकास ( : प्ले ग्रुप, नर्सरी, एल्केजी, युकेजी ) कक्षाहरु संञ्चालन नगर्ने ।

३) कक्षा सञ्चालनको तयारी तथा यसको कार्यान्वयन गर्दा संक्रमणको जोखिमको अवस्था, विद्यार्थी संख्या, भौतिक पूर्वाधारको उपलब्धता समेतको आधारमा कक्षा १ देखी माथीका कक्षाहरुमात्र नेपाल सरकारले तोंकेका सम्पूर्ण स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्बन गरी संञ्चालन गर्ने व्यवस्था मिलाउने ।

४) विद्यार्थीको घरका परिवारका सदस्य संक्रमित भई होमआइसोलेसनमा रहेको अवस्थामा सो परिवारको विद्यार्थीलाई विद्यालयमा उपस्थित नगराउने । साथै रुघाखोकी लागेका बालबालिकालाई समेत अभिभावकहरुले विद्यालयमा नपठाउने ।

५) बस संञ्चालन गर्ने विद्यालयहरुले बसभाडाबापत लिने मासिक शुल्कलाई विद्यार्थीहरु बस चढेको दिनलाइ मात्र गणना गरेर लिने व्यवस्था मिलाउने ।

६) विद्यालयमा विद्यार्थीहरुको वसाई अवधि वढी लामो हुन नदिन मध्यान्तर नगरि निरन्तररुपमा कक्षा संञ्चालन गर्ने व्यवस्था मिलाउने ।

७) बस सेवा संञ्चालन गर्नुपर्ने विद्यालयहरुले बसको सिटको क्षमता भन्दा बढी नहुने गरी विद्यार्थी राख्ने व्यवस्था अनिवार्यरुपमा लागु गर्ने । )

८) बसलाई प्रयोग गर्नुअघि निर्मलीकरण गर्ने र बसका कर्मचारी, शिक्षक तथा विद्यार्थीहरु बसभित्र प्रवेश गर्दा मास्क र सेनिटाइजरको प्रयोग अनिवार्यरुपमा गर्ने व्यवस्था मिलाउने ।

९) विद्यालयहरुले सम्बन्धित विद्यालयका व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी लगायत सरोकारवाला सबैको आचारसंहिता समेत समेटिने गरी कक्षा संञ्चालन गर्ने कार्ययोजना बनाई मिति २०७७।०८।१० गतेभित्र नगरपालिकाको शिक्षा शाखामा अनिवार्यरुपमा पेश गर्ने ।

१०) माथि उल्लेखित विषयवस्तुहरु कडाइका साथ कार्यान्वयन गर्ने गराउने साथै निर्णयको अवज्ञा गरेमा नगरपालिकाले आवश्यक कारवाहिको प्रक्रिया अगाडी बढाउने ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

११) माथि उल्लेखित विषयवस्तुहरु कार्यान्वयन भए, नभएको अनुगमन गर्न समितिको निर्णयबमोजिम कार्यविभाजन गरी तपशीलका सदस्यहरु रहेको अनुगमन समिति गठन गर्ने ।

**तपसिल**

संयोजक - श्री बासुदेव घिमिरे, नगरप्रमुख
सदस्य- श्री जगेश्वर देवी चौधरी, नगरउपप्रमुख
सदस्य- श्री माधव प्रसाद शर्मा,
सदस्य- श्री मोहन चापागाँई
सदस्य- श्री हरिलाल पाण्डे
सदस्य- श्री लक्ष्मण खनाल
सदस्य- श्री शिव गैरे
सदस्य- सम्बन्धित वडाको वडाअध्यक्ष
सदस्य- श्री सुरेन्द्र श्री ( नगर प्रवक्ता )
सदस्य- श्री राधा शाही संयोजक, सामाजिक विकास समिति
सदस्य- श्री कृष्ण खनाल प्याब्सन केन्द्रिय सल्लाहकार
सदस्य- श्री कुलप्रसाद लामिछाने प्रदेश महासंघ उपाध्यक्ष
सदस्य- श्री दान बहादुर चौधरी
सदस्य- श्री संगिता गुरुङ
सदस्य- श्री खेमराज पाण्डे
सदस्य- श्री दामोदर भुसाल
सदस्य- श्री टंक प्रसाद पौडेल
सदस्य- श्री रमेश ज्ञवाली
सदस्य- श्री नारायण प्रसाद ज्ञवाली
सदस्य- श्री डि.बि थापा प्याब्सन नगर अध्यक्ष
सदस्य- श्री डोलराज पाण्डे ने.रा.शि.संगठन अध्यक्ष
सदस्य- श्री इश्वरी पौडेल स्वास्थ्य शाखा
सदस्य- सम्बन्धित कार्यक्षेत्रको स्वास्थ्य संस्था प्रमुख
सदस्य - सम्बन्धित कार्यक्षेत्रको सुरक्षा प्रमुख
सदस्य - श्री वि.पि गौतम
सदस्य- श्री लक्ष्मण पौडेल
सदस्य- - श्री गंगाराम आर्चाय उपसचिव

निर्णय नं.-२ (ख)

- मिति २०७७ मंसिर महिनामा बसेको नगर शिक्षा समितिको बैठकका निर्णयहरु अनुमोदन गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-२ (ग)

- २०७७/०८/१० गते बसेको नगर खेलकुद विकास समितिको निर्णयानुसार कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण लामो समयदेखि सन्चालन हुन नसकेका खेलकुद कार्यक्रमहरुलाई संचालन गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- आ.व. ०७४/०७५ मा ठेक्का पट्टा प्रक्रियाबाट नगरपालिकाको कार्यालय निर्माण गर्ने भनी लगाइएको ठेक्का नं. ३१-०७४/०७५ को लागत अनुमान ७ करोड १० लाख १० हजार ३ सय ९४ रुपैया ९६ पैसा स्वीकृत गरिएको र सोही अनुसार सिनर्जी विल्डर्स प्रा.लि. लाई खुल्ला प्रतिप्रर्धामा गई गरेको ठेक्का स्वीकृत गरिएकोमा निर्माणको क्रममा विभिन्न संरचनाहरु थपघट गर्नुपर्ने भएकोले पुन लागत अनुमान संशोधन गरी ८ करोड ८६ लाख ८५ हजार २ सय ५२ रुपैया ४ पैसा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिबाट पेश भएको क्रसर उद्योगसँग सम्बन्धित करको दर, ढाँचा तथा शर्तहरुका सम्बन्धमा छलफल गरियो । यस विषयमा निर्णयमा पुग्न थप छलफल गर्न आवश्यक देखिएकोले आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

- नगर कार्यपालिकाको मिति २०७४/०७/१३ गते (बैठक संख्या ४७ निर्णय नं. २) को निर्णय अनुसार गठित नदिजन्य पदार्थ उत्खनन् व्यवस्थापन तथा अनुगमन समितिहरुमा रहेका सदस्यहरुको हेरफेर गरी देहाय बमोजिम कायम हुने गरी उक्त समितिको पुनर्गठन गर्ने निर्णय गरियो ।

| क्र.स. | पद/दर्जा | नामथर | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | श्री सुखदेव न्यौपाने | |
| २ | सदस्य | श्री दिवाकर ढकाल | |
| ३ | सदस्य | श्री टंक प्रसाद तिवारी | |
| ४ | सदस्य | श्री सोहन प्रसाद थारु | |
| ५ | सदस्य | श्री तामानाथ पाण्डे | |
| ६ | सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ७ | सदस्य सचिव | श्री राजस्व शाखा प्रमुख | |

समितिले आवश्यकता अनुसार उप-समिति गठन तथा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.-६

- वडा नं.-१० को वडा कार्यालयको भवन निर्माणका लागि चालु आ.व.२०७७/०७८ मा बजेट विनियोजन भई ठेक्का समेत भैसकेको, नगरपालिका कार्यालयबाट सम्बन्धित वडालाई उपयुक्त स्थान तोकी जानकारी गराउन पत्राचार समेत गरिएको र वडाबाट भवन निर्माण स्थल तोकी नगरपालिकामा जानकारी पठाइएको सम्बन्धमा कार्यपालिकामा जानकारी लिइयो । साथै,वडा समितिबाट प्रस्तावित भवन निर्माण स्थल साघुँरो हुने देखिएकोले सबै वडाबासीलाई पायक पर्ने उपयुक्त स्थल छनौट गरी वडा समितिबाट सर्वसम्मत निर्णय गराई ५ दिनभित्र नगरपालिकाको कार्यालयमा जानकारी गराउने । वडाबाट सर्वसम्मत निर्णय हुन नसकेमा नगरपालिकाको कार्यालयबाट उपयुक्त स्थान तोकी भवन निर्माण कार्यलाई यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-७

- नगरपालिकाको मुख्य कार्यालय तथा मातहतका कार्यालयहरुमा रिक्त अत्यावश्यक नापी सर्वेक्षण, सवारी चालक, हेल्पर, कार्यालय सहयोगी जस्ता पदहरुमा ज्यालादारीमा जनशक्ति व्यवस्था गरी कार्यालयको कामकाजलाई थप व्यवस्थित, सहज र प्रभावकारी बनाउने निर्णय गरियो ।

निर्णय नं.-८

अन्तर्राष्ट्रियस्तरमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत यस नगरपालिकामा पनि उक्त अवधिभर "लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धताः व्यक्ति, समाज र सबैको ऐक्यवद्धता" भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रम गरी मनाउने क्रममा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- आगामी १९ गते जनप्रतिनिधि, नगरस्तरीय अपाङ्ग समन्वय समितिका सदस्यहरु लगायत कर्मचारीहरुको सहभागितामा अपाङ्गता सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने ।
- लैङ्गिकमैत्री नगर बनाउनको लागि नगरपालिकाद्धारा तयार गरिएको लैङ्गिकमैत्री कार्ययोजना कार्यान्वयन गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागितामा एक कार्यक्रम आयोजना गरी प्रतिवद्धता जाहेर गर्ने ।

निर्णय नं.-९

- आ.व. २०७६/०७७ मा नगरस्तरीय योजना अन्तर्गत वडा नं.-१६को कार्यालय जाने बाटो निर्माणमा विनियोजित रकमबाट उक्त सडक निर्माणका लागि ठेक्कापट्टा

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भैसकेको तर कोभिड-१९का कारण समयमा सम्पन्न हुन नसकेको र हाल निर्माण कार्य गर्ने क्रममा अवरोध सिर्जना भएको सम्बन्धमा कार्यपालिकामा जानकारी लिइयो । साथै, सडक निर्माणका लागि छुट्टाइएको बजेटबाट नापी नक्सामा भएको पुरानो बाटो नै निर्माण गर्ने र उक्त बाटो निर्माण कार्यमा सम्बन्धित वडाले आवश्यक सहजीकरण गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (क)

- यस नगरपालिकाबाट दुग्ध उत्पादन कृषकहरुलाई प्रोत्साहित गर्न साविकमा उपलब्ध गराउँदै आएको दुग्ध उत्पादनमा अनुदान कार्यक्रमका लागि चालु आ.व.मा विनियोजित रकम अपुग हुने देखिएकोले नपुग रकम उपयुक्त शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (ख)

- नगर विकास योजनाको स.नं. ३०३० शीर्षक भवन आवास तथा शहरी विकास अन्तर्गत (१६) फोहोरमैला प्रशोधन केन्द्र निर्माणमा विनियोजित रकम साविकमा फोहोरमैला संकलन तथा व्यवस्थापन गर्दै आएको वडा नं.-१-६ संस्थासँगको सम्झौता म्याद पुस मसान्तसम्म मात्र रहेकोले नगरक्षेत्रका सबै वडाहरुको फोहोर संकलन तथा व्यवस्थापन गर्न वडा नं.-८ मा रहेको वास सहकारीबाट संचालन तथा व्यवस्थापन गर्न बाच्छनीय देखिएको र ठेक्कापट्टा प्रक्रियाबाट योजना कार्यान्वयन गरी संचालनमा ल्याउन ढिला हुने भएकाले उक्त मिति अगावै निर्माण सम्पन्न गर्नुपर्ने हुँदा उपभोक्ता समिति गठन गरी सोही प्रक्रियाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (ग)

- आ.व. २०७७/०७८ मा नगर विकास योजना पुस्तिकामा वडाबाट सिफारिस भै आएका केही योजनाहरुको नाम टाइपिङ्गका क्रममा भएका सामान्य त्रुटी सच्याउन, उस्तै प्रक्रितिका योजनाहरुलाई संशोधन गरी सच्चाउन र योजना कार्यान्वयनलाई सहज बनाउन त्यस्ता योजनाहरुको टिपोट गरी मंसिर मसान्तभित्र नगरपालिकाको कार्यालयमा जानकारी पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (घ)

- आ.व.२०७६/०७७ मा सम्झौता भएका योजनाहरु विश्वव्यापी कोरोना भाइरस कोभिड-१९ को कारण आ.व.०७६/०७७ मा सम्पन्न हुन नसकेको कारण चालु आ.व. ०७७/०७८ को मंसिर मसान्त सम्म म्याद थप गरिएकोमा केही योजनाहरु निर्धारित समयमा सम्पन्न हुन नसकेको भनि उपभोक्ता समितिबाट निवेदन तथा

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

सम्बन्धित वडा कार्यालयबाट म्याद थपको सिफारिस सहित प्राप्त भएको हुँदा अधुरा योजना समाप्त गर्न १ महिनाको म्याद थप गरी पौष मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (ङ)

- तिलोत्तमा नगरपालिका वडा नं.-१० मैनहवा स्थायी निवासी यस नगरपालिकाका नगर सभा सदस्य श्री लक्ष्मी कुमारी थारुका श्रीमान् श्री हरि कुँवर थारुको ६२ वर्षको उमेरमा मिति २०७७/०७/०४ गते भएको असामयिक निधनले तिलोत्तमा नगरपालिका स्तब्ध भएको छ । यस दुःखद घडीमा स्वर्गीय हरि कुँवर थारु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै नगर कार्यपालिका बैठक शोक प्रस्ताव पारित गर्दछ ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत